# २ परमेश्वर र शैतानको बीचमा भएको महान् बैचारिक संग्राम

*__यस अध्यायका मूल पदहरूः__* अय्यूब १:१-५, अय्यूब १:६-१२, जकरिया ३:२, मत्ती ४:१, इजकिएल २८:१२-१६, रोमी ३:२६ र हिब्रू २:१४।

*__यस अध्यायको स्मरण गर्नुपर्ने मूल पदः__* "परमेश्वरले शैतानलाई भन्नुभयो 'प्रभुले तिमीलाई सच्याओस्! उहाँले यरुशलेमलाई चुन्नुभएको छ। उनले तिमीलाई सच्याओस्! के यो यहोशू दन दन जलिरहेको आगोको दाउराबाट निकालिएको मानिस होइन र?'" (जकरिया ३:२ रूपान्तरित)

"परमेश्वर र शैतानको बीचमा, असल र खराबको बीचमा स्वर्गमा होस् वा यस पृथ्वीमा होस् निरन्तररूपमा भइरहेको युद्धको धेरै आभासहरू पुरानो र नयाँ करारका पानाहरूमा झल्किरहेको पाइन्छ। बाइबलमा लेखिएका त्यस विषयको बारेमा बिभिन्न पदहरू तुलनात्मक रूपमा हेरियो भने त्यस विषयबस्तुको बारेमा दिएका विभिन्न सूचनाहरू जान्न सकिन्छ। त्यसले गर्दा परमेश्वर र शैतानको बीचमा भइरहेको महान् संघर्षको पूरा सन्देशलाई बाइबलले अझ स्पष्ट पारेको हामीले पाउँदछौं।"-द हान्डबुक अभ सेभेन्थ-डे एडभेन्टिस्ट थियोलोजी, पृ. ९६९बाट रूपान्तरित।

**बाइबलले हामीलाई स्पष्ट पार्न चाहेको पूरा सन्देशलाई राम्ररी बुझ्न चाहन्छौं भने परमेश्वर र शैतानको बीचमा भइरहेको महान् बैचारिक संघर्षको विषयबस्तुलाई नियाल्नुपर्दछ। बिशेष गरेर त्यस बिषयभित्र जडिएको मुक्तिको योजनालाई ध्यान दिनु जरुरी छ। परमेश्वर र शैतानको बीचमा भइरहेको संघर्ष र मुक्तिको योजनाको बारेमा नयाँ करारमा स्पष्ट रूपमा कोरिएको छ। तर त्यो पुरानो करारमा पनि पाइन्छ। पुरानो करारमा बुझाउन खोजेको परमेश्वर र शैतानको बीचमा भइरहेको महान् संग्रामको ज्वलन्त र स्पष्ट उदाहरण शायद अय्यूबको पुस्तक नै हुनसक्छ।**

**परमेश्वरले के चाहनु हुन्छ र त्यससंग बाझिएको शैतानको चाहनाको बिषयबस्तुको बारेमा अय्यूबको पुस्तकमा दिएको जानकारी यस अध्यायमा हामी अध्ययन गर्नेछौं। बाइबलको मूल विषयवस्तु नै परमेश्वर र शैतानको बीचमा भइरहेको महान् संघर्षमा केन्द्रित भएको छ। त्यस युद्धको बिशालता पनि हामी सिक्नेछौं। हामीहरूका जीवन र कथाहरू अय्यूबकोभन्दा फरक छन्। तर हामीहरू सबैले एउटै साझा बिषयसँग संघर्ष गरीरहेकाछौंः त्यो हो, अय्यूब जस्तै**

**परमेश्वर र शैतानको बीचमा भइरहेको युद्धमा हामी सबै कुनै न कुनै रूपमा समावेश भइरहेको।**

## १ यस पृथ्वीमा भइरहेको सानो स्वर्ग (अय्यूब १:१-४)

**अय्यूबको पुस्तक सुरूमा हेर्दा सकारात्मक तरिकाले सुरू गरेको देखिन्छ। झट्ट हेर्दा अय्यूब सबै कुरामा आशिष पाएको व्यक्ति भएको हामी पाउँदछौं।**

अय्यूब १:१-४मा अय्यूबको जीवन कस्तो थियो र उनका सकारात्मक पक्षहरू देखाउँछन्। हेर्नुहोस्ः "१ ऊज देशमा अय्यूब नाउँ भएका एक जना मानिस बस्दथे। तिनी निर्दोष र सोझो जीवन बिताउँथे। तिनी परमेश्वरसँग डराउँथे र दुष्टताबाट अलग बस्थे। २ तिनका सात छोरा र तीन छोरी थिए। ३ तिनका सात हजार भेड़ा, तीन हजार ऊँट, पाँच सय हल गोरु र पाँच सय गधाबाहेक धेरै कमारा-कमारीहरू पनि थिए। पूर्वका सबै मानिसहरूमध्ये अय्यूब सबैभन्दा महान् थिए। ४ तिनका छोराहरूले पालैसित आफ्नो घरमा भोज राख्थे र आफ्ना तीन बहिनीहरूलाई खानपिनका लागि निम्त्याउँथे।"

अय्यूबलाई केही कुराको कमी नभएको देखिन्छ। उनी सिद्ध तथा धर्मी चरित्र भएको मानिस थिए। "निर्दोष" भन्ने शब्दको अर्थ सिद्ध र इमान्दारी हो। "सिधा"को अर्थ "धर्मात्मा" भन्ने जनाउँछ। सिधा वा धर्मी बाटोमा अय्यूब हिँडिरहेका थिए भनेर जनाउँछ। संक्षेसमा भन्ने हो भने अय्यूबको पुस्तक त्यस व्यक्तिबाट सुरूभएको देखिन्छ जो अत्यन्त सम्पन्न, जमिन्दार, परमेश्वरको अत्यन्त भक्त, इमान्दारी र सबै थोकले सम्पन्न भएको व्यक्ति थिए। उनमा उनको चाहना अनुसार कुनै कुराको कमी नभएको आभास् हामी पाउँछौं। यस पापी संसारमा सबै कुरामा सम्पन्न भएको मानिस शायद बिरलै पाइन्छ होला।

**अय्यूब कस्तो पापले भरिएको संसारमा रहन्थे भनेर अय्यूब १:५,६ले बताउँछ। हेर्नुहोस् अय्यूब १:५,६ "५ (छोराहरूले आफ्ना बहिनीहरूलाई) भोज दिने क्रम सिद्धिएपछि अय्यूबले आफ्ना छोराछोरीहरूलाई बोलाएर शुद्ध बनाउने गर्थे। तिनी बिहान सबेरै उठी तिनीहरू प्रत्येकको निम्ति यो विचारले एउटा-एउटा होमबलि चढाउथे, "शायद मेरा छोराछोरीले पाप गरे होलान् र परमेश्वरलाई आफ्ना हृदयमा सरापे होलान्।" अय्यूब सधैं यसै गर्थे। ६ एक दिन स्वर्गका दूतहरू परमप्रभुको सामुन्ने उपस्थित हुँदा शैतान पनि तिनीहरूसँग आयो।"**

"अय्यूबका छोराछोरीहरू अत्यन्त रमाइलो गरेर जीवन बिताउँथे। तर तिनीहरूको आनीबानीले परमेश्वर नाराज हुनुभएको छ कि भनेर अय्यूब चिन्तित हुन्थे। अय्यूब आफ्नो घरको विश्वासीलो र भरपर्दो पुजारी थिए। त्यसकारण उनले आफ्ना प्रत्येक छोराछोरीको निम्ति उनले बलीपूजा गर्दथे। पापको भयानकताको बारेमा अय्यूबलाई स्पष्ट थाहा थियो। छोराछोरीहरूले परमेश्वरका नीतिहरू अनुसार चलेका छन् कि छैन भनेर अय्यूब सधैं चिन्तित हुन्थ े। त्यसैकारण तिनीहरूको निम्ति परमेश्वर र तिनीहरूको बीचमा अय्यूबले पैरवी अर्थात् मध्यस्थकर्थाको काम गर्थे। तिनीहरू बाटो बिराए भने परमेश्वरले तिनीहरूलाई क्षमा गरून् भनेर उनले प्रार्थना गर्दथे।"-एलेन जी ह्वाइट, द एस डिए बाइबल कमेन्टरी, ठेली ३, पृ. ११४०बाट रूपान्तरित।

जे असल स्वभाव मानिसमा हुनुपर्ने थियो, अय्यूबमा थियो। अय्यूब पर्याप्त सम्पत्ति भएको, अत्यन्त संतुष्ट, ठूलो परिवार र मानिसहरूको बीचमा ठूलो सम्मान भएका व्यक्ति थिए भनेर बाइबलले बताउँछ। उनी धेरै थोकहरूको मालिक थिए। तर उनी अझै पनि पापी संसार वा ग्रहमा थिए जुन् पापले क्षतबिक्षत पारेको छ। परमेश्वरलाई बिश्वासै गरेतापनि यस पापी संसारमा रहँदा त्यसले ल्याउने सत्यानाश कस्तो हुन्छ र उनको जीवनलाई कसरी तहसनहस गर्ने रहेछ भनेर उनले पत्ता लगाएको हामीले अघि हेर्नेछौं। (यस संसारमा जन्मिनु नै जीवनलाई पापको खतराको मुखमा पार्नु हो भन्ने कुरा अय्यूबले गरेको अनुभवलाई हामीले आँखा चिम्लनु मनासिव देखिन्दैन)।

**तपाईंको जीवनमा अहिले भइरहेका रमाइला पक्षहरू कुन् कुन् हुन्? तिनीहरूको निम्ति सधैं कृतज्ञ हुन कसरी सिक्ने?**

## २. स्वर्गमा परमेश्वर र शैतानको बीचमा भएको वादविवाद (अय्यूब १:६-१२)

अय्यूबको घर यस संसारमा शान्ति र कुनै खैलाबैला नभएको सामान्य वातावरणको थियो भनेर अय्यूबको पुस्तक सुरू हुन्छ। तर पहिलो अध्यायको छैठौं पदमा त्यस सुखी परिवारको दृष्य परिवर्तन भएको पाउँछौं। रमाइलो वातावरणबाट अय्यूबको परिवार नचिताएको अत्यन्त आतङ्कित र फरक परिस्थितिमा फस्छ। त्यो परिवार दुःखद परिस्थितिमा कसरी फस्यो भनेर परमेश्वरको सहायताबिना मानिसले हेर्न सकिन्दैन। अझ रोचक कुरो त के थियो भने स्वर्गको वातावरण संसारको जस्तो शान्तिपूर्ण र रमाइलो वातावरण नभएको चित्रण पनि गरिएको छ। ती पदहरूमा झट्ट हेर्दा स्वर्गको परिस्थिति लोभलाग्दो नभएको पाइन्छ।

अय्यूब १:६-१२ अझ विस्तृत रूपमा यस पुस्तकमा हामी हेर्दै जानेछौं। तर यस संसारमा अय्यूबको सुखी परिवारमा कस्तो भारी नकारात्मक परिवर्तन बातावरण आयोभनेर ती पदहरूले कसरी देखाउँछन्? ती पदहरूले परमेश्वर र शैतानको बीचमा कस्तो बिवाद चलेको थियो भनेर स्वर्गको पर्दा उघारेको कसरी देखाउँछ? हेर्नुहोस्: "६ एक दिन स्वर्गका दूतहरू परमप्रभुको सामुन्ने उपस्थित हुँदा शैतान पनि तिनीहरूसँग आयो। ७ परमप्रभुले शैतानलाई सोध्नुभयो, "तिमी कहाँबाट आयौ?" त्यसले भन्यो, "पृथ्वीमा चारैतिर घुमफिर गर्दै आएको हुँ।" ८ तब परमप्रभुले शैतानलाई सोध्नुभयो, "के तिमीले मेरो सेवक अय्यूबलाई याद गर्‍यौ? परमेश्वरको डर राख्ने र दुष्ट कामबाट अलग रहने त्यो जस्तो निर्दोष र सोझो मानिस पृथ्वीमा अरू कोही छैन।" ९ शैतानले परमप्रभुलाई यसो भनेर जवाफ दियो, "अय्यूबले त्यसै परमेश्वरको डर राखेका हुन् त?" १० के तिनलाई, तिनका घराना र तिनका सबै धन-सम्पत्तिलाई तपाईंले चारैतिरबाट बार हालेर रक्षा गर्नुभएको छैन? तिनका सबै काममा तपाईंले आशिष् दिनुभएको छ, अनि तिनका गाईबस्तुहरू देशभरि अनगन्ती बढ़ेका छन्। ११ तर आफ्नो हात पसारेर तिनका सबै चीजमाथि प्रहार गर्नुहोस्, र तिनले तपाईंलाई तपाईंकै मुखको सामुन्ने सराप्नेछन्।" १२ तब परमप्रभुले शैतानलाई भन्नुभयो, लौ त, त्यसकहाँ जे-जति छन्, सबै तिम्रै हातमा भयो। केवल अय्यूबको शरीरलाई चाहिँ नछो।" तब शैतान परमप्रभुको उपस्थितिबाट निस्केर गयो।"

ती पदहरूमा खोतल्दा धेरै कुराहरू हामी पाउन सक्छौं। सारा जगतको आँशिक भाग ती पदहरूले देखाउँछन् जुन कुनै पनि अन्तरिक्ष दुर्विनले देख्न सकिन्न न त कुनै मानव विज्ञानको उपलब्धीले नै पत्ता लगाउन सकिन्छ न त बुझ्न नै सकिन्छ। जगतमा परमेश्वर र शैतानको बीचमा चलिरहेको भयानक बिवादको संग्राम पनि उल्लेखनीय रूपमा ती पदहरूले प्रस्तुत गर्दछन्। ती पदहरूले हामीलाई स्वर्गमा पनि शान्त र मौन वातावरण नभएको देखाउँछ। आफ्नो छोराप्रति गौरब गरेर बोलेको जस्तै परमेश्वरले अय्यूबको बारेमा शैतानसँग चर्चा गर्नु हुन्छ। परमेश्वरले अय्यूबको प्रसंशा गर्दा शैतान उहाँकै सामुन्ने हाँस्छ। "त्यसकारण शैतानले परमेश्वरलाई जवाफ दिन्छ र भन्छ 'के अय्यूबले परमेश्वरलाई सित्तैंमा सेवा गर्दछन्?' (अय्यूब १:९ रूपान्तरित)। शैतानले परमेश्वरको सामु अय्यूबको बारेमा खिस्सी उडाइरहेको कल्पना गर्दा उसको आवाज हामी झन्डै सुन्न सक्छौं ।

परमेश्वर र शैतानको बीचमा मुक्का मुक्की भएको ती पदहरूले त स्पष्ट रूपमा बताउँदैनन्। तर दुई जनाको बीचमा भइरहेको कचकचचाहीं हामीले

निश्चयतासाथ भन्न सक्छौं। त्यस पतित स्वर्गदूत शैतान परमेश्वर र अरू जीव वा छोराहरूको सामुन्ने उभिएर परमेश्वरको मुखैमा चुनौति दिइरहेको हामी पाउँछौं। त्यत्रो अथाह जगतका अगुवाहरूको बीचमा यस बालुवाको कण रूपी पृथ्वीको सांसारिक अगुवासँग परमेश्वर कसरी कुरा गर्न थाल्नुभयो भन्ने कुरा हामीलाई कल्पना गर्न पनि मुश्किल पर्छ। तर स्वर्गबाट खसेको स्वर्गदूत शैतान परमेश्वर आफैसँग मुखामुख गर्न सुरो भएको हामी देख्दछौं। त्यस कसरी भयो?

त्यस बिषयबस्तुको जवाफ बाइबलमा बिभिन्न ठाउँहरूमा र बिभिन्न तरिकाले देखा परेको पाइन्छ। त्यस विषयबस्तुलाई परमेश्वर र शैतानको बीचमा भइरहेको महान् द्वन्द वा विवाद भनेर नामाङ्करण गरिएको छ। यस संसारमा पाप र दुःखकष्टको आततायी कथा त्यस विषयबस्तुले प्रभावकारी रूपमा हामीलाई बुझाउन खोज्दछ। अझ महत्त्वपूर्ण कुरो त के छ भने हामीलाई येशूले क्रुसमा के गर्नुभयो भनेर स्पष्ट रूपमा त्यस विषयबस्तुको ज्ञानले बुझाउन मद्दत गर्दछ। यथार्थमा यस संसारमा भइरहेको पाप र दुःखकष्टको समस्यालाई समाधान गर्न येशू मर्नुभएको थियो भनेर महान् बिवादको आत्मज्ञानले हामीलाई छर्लङ्ग पार्दछ।

## ३ यस संसारमा युद्ध (उत्पत्ति ३:१-४)

देख्न नसिकिने स्वर्ग र देखिरहने पृथ्वीको बीचमा भएको पर्दालाई अय्यूबको पुस्तकले उघारेको छ। यसले जगतको बारेमा ती सत्य र तथ्यको बारेमा देखाउँछन् जुन् हामीहरूको आँखाले देख्न सक्दैनौं, कानले सुन्न सक्दैनौं न त जीवनको अर्थ यस संसारको कुनै पनि तर्क वा वादले देखाउन सक्छ। (जगतको मानचित्रमा हामीहरूको जीवनको अर्थको ज्ञान कतिको सिमित छ भनेर अय्यूबको पुस्तकले खोलेको पर्दाले हामीलाई देखाउँदछ। हामीहरूले जतिसुकै जे देखेतापनि जे थाहा पाएतापनि र संसारले प्रदान गरिने जीवनको मूल्य र मान्यतालाई जतिसुकै बुझाउन खोजेतापनि ती अपुरो नै छ भनेर अय्यूबको पुस्तकले छर्लङ्ग पार्दछ)। परमेश्वर र शैतानको बीचमा भइरहेको चर्को युद्ध पनि ती केही पदहरूले देखाउँदछन्। स्वर्गमा परमेश्वर र शैतानको बीचमा भएको कचकचलाई अय्यूबको पुस्तकले प्रथम् पल्ट उघार्दछ। तर तुरन्तै परमेश्वर र शैतानको बीचमा भइरहेको महान् बिवाद स्वर्गबाट यस पृथ्वीमा सर्दछ। बाइबलको सुरूको पुस्तकदेखि अन्तसम्म त्यो युद्ध चर्कोरूपमा निरन्तर रूपमा भइरहेको हामीलाई औंल्याउँछ। त्यो युद्धमा केवल परमेश्वर र

शैतानमात्र नभएर हामी प्रत्येक मानव प्राणी पनि निर्णायक रूपमा समावेश भइरहेका हुन्छौं।

यस संसारमा शैतानको दुष्ट तथा आतङ्कित शक्तिहरूसँग चलिरहेको युद्ध देहायका पदहरूले कसरी देखाउँछन्, हेर्नुहोस्ः उत्पत्ति ३ः१-४ "१ परमप्रभु परमेश्वरले बनाउनुभएका वन्य पशुहरूमध्ये सर्प सबभन्दा धूर्त थियो। त्यसले स्त्रीलाई भन्यो, "के परमेश्वरले तिमीहरूलाई बगैंचाको कुनै पनि रूखको फल नखानू भनी भन्नुभएको छ?" ४ स्त्रीले सर्पलाई भनिन्, "बगैंचाका रूखहरूका फल हामी खान सक्छौं, ३ तर बगैंचाको बीचमा भएको रूखका फलको विषयमा परमेश्वरले भन्नुभएको छ, 'त्योचाहिँ नखानू र नछुनू, नत्रता तिमीहरू मर्छौं'।" ४ सर्पले स्त्रीलाई भन्यो, "तिमीहरू मर्दैनौ।", जकरिया ३ः२ "२ परमप्रभुले शैतानलाई भन्नुभयो "ए शैतान, परमप्रभुले तँलाई हकारून्। यरूशलेमलाई चुन्नुहुने परमप्रभुले तँलाई हकारून्! के यो मानिस आगोबाट निकालिएको अगुल्टो होइन र?", मत्ती ४ः१ "तब दियाबलसद्वारा परीक्षा गरिनलाई पवित्र आत्माद्वारा येशू उजाड-स्थानमा लगिनुभयो।", १ पत्रुस ५ः८,९ "८ सचेत रहो, जागा रहो, तिमीहरूको शत्रु दियाबलस कसलाई भेट्टाऊँ र खाइहाँलू भनी गर्जने सिंहझैं खोजिहिँड्छ। ९ विश्वासमा दह्रिला भएर त्यसको विरोध गर, किनकि संसारभरि नै तिमीहरूका दाजुभाइहरूले पनि यस्तै कष्टको अनुभव गरिरहनुपरेको छ।", १ यूहन्ना ३ः८ "८ जसले पाप गर्छ त्यो दियाबलसको हो। किनकि दियाबलसले त सुरुदेखि नै पाप गर्दैआएको छ। दियाबलसका कामहरू नष्ट पार्नलाई नै परमेश्वरका पुत्र प्रकट हुनुभएको हो।" र प्रकाश १२ः९ "त्यो ठूलो अजिङ्गर तल फालियो– त्यो प्राचीन सर्प, जो सारा संसारलाई बहकाउने दियाबलस वा शैतान हो। त्यो पृथ्वीमा फ्याँकियो र त्यसका दूतहरू त्यसका साथसाथै फ्याँकिए।"

माथिका ती पदहरू केवल केही उदाहरणहरूमात्र हुन् जसले शैतान वा दुष्टको यथार्थ अस्तित्वलाई बाइबलले औँल्याउँछ। शैतान अत्यन्त शक्तिशाली पतित स्वर्गदूत हो जसले मानव जातिलाई तहस नहस वा सत्यानाश गर्न चाहन्छ। शैतानको बारेमा चर्चा गर्दा धेरै मानिसहरूले खिस्सी उडाउँछन्। कतिले त शैतानको अस्तित्वलाई स्वीकार्न चाहन्दैन। तर बाइबलले स्पष्ट रूपमा देखाएका ती पदहरूले गर्दा शैतानको अस्तित्वमाथि शङ्का गर्ने धरापमा हामी पर्नु आवश्यक छैन।

यस पृथ्वीमा शैतानको क्रियाकलाप मनगढन्ते वा काल्पनिक नभएर साँच्चिकै हो भनेर देखाउने केही सबुद प्रमाणहरू के हामीहरूको माझमा छ?

संसारमा भएको त्यस शैतानसँग लड्ने क्षमता पाउन र सुरक्षित हामीहरूको केवल एक सहारा के हुन्?

## ४ परमेश्वर र शैतानको बीचमा भइरहेको महान् युद्धलाई उघारिने अय्यूबको पुस्तक लघु वा सानो चित्र हो (यशैया १४:१२-१४)

अय्यूबको पुस्तकले सुरूमा केही उल्लेखनीय विषयबस्तुहरूलाई औंल्याउँछन्। हामीले अघि नै भनेझैं प्रथमतः हामीहरूको पृथ्वीभन्दा अपार वा अति पर स्वर्ग स्थान छ जहाँ सृष्टिकर्ता सनातनको परमेश्वर राज गर्नुहुन्छ। दोस्रो, त्यहाँ परमेश्वरबाहेक स्वर्गका रूप धारण गरेका अरू जीवहरू छन्। तिनीहरूमा पापको दाग नभएकोले तिनीहरू मानव चरित्रभन्दा अपार छन्। तेस्रोमा, स्वर्गको राज्य र यस पृथ्वीको जीवनको बीचमा कस्तो साँथगाँठ रहेछ भनेर पनि उघार्दछन्। परमेश्वरको राज सिहाँसनबाट यस पृथ्वीमा रहेको गतिविधि अलग नभएको देखाउँदछ। चौथोमा स्वर्गमा परमेश्वर र शैतानको बीचमा निरन्तररूपमा संग्राम वा युद्ध भइरहेको छ जसले गर्दा यस पृथ्वीमा जे हुन्छ त्यसलाई त्यस युद्धले प्रभाव पारिरहेको हुन्छ।

संक्षेप्तमा भन्नुपर्दा अय्यूबको पुस्तकको सुरूको पदहरू र अरू पदहरूले परमेश्वर र शैतानको बीचमा भइरहेको महान् विवादको (को भन्दा को ठिक) संघर्षलाई लघु वा छोटो चित्र प्रस्तुत गर्दछ। त्यस महान् बिवादको शिकार अय्यूब नाउँ गरेको एक जना मानिसको जीवनमा कसरी चर्केको थियो भनेर यस अय्यूबको पुस्तकमा हामी पढ्नेछौं। यथार्थमा त्यो कुनै काल्पनिक वा मनगढन्ते वा रमाइलो पौराणिक कथा नभएर त्यस युद्धमा उठेका विषयबस्तुहरूमा हामी पनि कसरी समावेस भइरहेकाछौं भनेर त्यस पुस्तकले उदाङ्ग पार्दछ।

शैतान परमेश्वरसँग मुखामुख गरेर उहाँको बिद्रोह गर्ने निति लिएको थियो भनेर अय्यूबको पुस्तकले देखाउँदछ। तर त्यो युद्ध वा परमेश्वरको बिरोध गर्ने निति कसरी सुरूभयो भनेर अय्यूबको पुस्तकले देखाउँदैन। देहायका पदहरूले त्यो महान् बिबादको युद्ध पहिला कसरी सुरू भयो भनेर केही हदमा खुलासा गरेको छ सो हेर्नुहोस्: यशैया १४:१२-१७ “१२ हे बेबिलोनका राजा, बिहानको चम्किलो तारा, प्रभातको पुत्र तिमी आकाशबाट खस्यौ! अघि तिमीले जाति-जातिलाई जित्यौ तर अहिले आफैं भूइँमा ढलेको छौ। १३ तिमीले स्वर्गमा पुग्ने र सबैभन्दा अग्लो ताराभन्दा पनि अरू उच्चमा आफ्नो सिंहासन राख्ने पक्का विचार गरेको थियौ। उत्तरमा देव-देवता भेला हुने पर्वतमा राजाजस्तै विराजमान् गर्छु भन्ने विचार गरेको थियौ। १४ बादलको माथि चढी सर्वशक्तिमान् बराबर हुन्छु भनी तिमीले ठानेको थियौ।

१५ तर त्यसको सट्टामा तिमी मृत्यु-लोकको सबैभन्दा गहिरो ठाउँमा झारिएको छ। १६ मरेकाहरूले मुख बाएर तिमीलाई हेर्नेछन्। तिनीहरूले यसरी सोध्छन्, "के पृथ्वी हल्लाउने र राज्य-राज्य थर्काउने मानिस यही हो? १७ सहरहरू ध्वंस पार्न र सारा जगतलाई उजाड-स्थान बनाउने मानिस यही हो? के कैदीलाई कहिल्यै नछोड्ने वा घर फर्कन नदिने मानिस यही हो?" , इजकिएल २८:११-१९ "११ परमप्रभु मसित फेरि बोल्नुभयो। १२ उहाँले भन्नुभयो, "ए मरणशील मानिस, टुरोसको राजामाथि आउन लागेको दिन-दशाको निम्ति विलाप गर्। म सार्वभौम परमप्रभुले के भन्दै छु, त्यो त्यसलाई सुना। कुनै समय तिमी आदर्शको नमुना थियौ। तिमी बुद्धिमान् र सुन्दर थियौ! १३ तिमी परमेश्वरको बगैंचा अदनमा बास गर्थ्यौ र हरेक किसिमका रत्नहरू अथवा मानिक र पुष्पराज, पन्ना, पीतमणि, आनिक्स, बिल्लौर, नीर, फिरोजा र बेरूजले सिंगारिएको थियौ। तिम्रा सुनका गर-गहनाहरू थिए। तिम्रो सृष्टि भएकै दिन ती गहना-रत्नहरू तिम्रो निम्ति तयार गरिएका थिए। १४ तिम्रो रक्षा गर्न मैले त्यहाँ एउटा डरलाग्दो स्वर्गदूत खटाएँ। तिमी मेरो पवित्र पर्वतमा बास गर्थ्यौ र चम्किला रत्नहरूका बीच हिंड्डुल गर्थ्यौ। १५ तिम्रो सृष्टि भएको दिनदेखि तिम्रो दुष्टयाइँ फेला नपरेसम्म तिम्रो चालचलन अति निर्दोष थियो। १६ तिमी व्यापारमा व्यस्त थियौ र त्यसले तिमीलाई हिंसा र पाप गर्न लायो। यसकारण तिमीलाई मैले मेरो पवित्र पर्वत छोड्न कर लाएँ र तिम्रो रखवाली गर्ने स्वर्गदूतले तिमीलाई चम्किला रत्नहरूका बीचबाट धपायो। १७ तिमी आफ्नो सुन्दरतामा घमण्ड गर्थ्यौ र तिम्रो सुनामले तिमीलाई मूर्ख बनायो। त्यही कारणले गर्दा मैले तिमीलाई जमिनमा फ्याँकिदिएँ र अरू राजाहरूको अघि तमासा बनाइदिएँ। १८ तिमीले आफ्ना व्यापार-धन्दामा यस्तो दुष्टयाइँ गऱ्यौ कि तिम्रा पूजा-स्थलहरू अपवित्र पारिए। यसकारण मैले सहरमा आगो लाइदिएँ र खरानी पारें। अब ज-जसले तिमीलाई हेर्छन्, तिनीहरूले तिमीलाई खरानीको रूपमा मात्र देख्छन्। १९ तिम्रो डरलाग्दो अन्त भयो, तिमी सधैंको निम्ति शेष भयौ र तिमीलाई चिन्ने हरेक जाति भयभीत भएको छ। तिम्रै जस्तो दशा आफ्नो पनि होला भन्ने तिनीहरूलाई डर छ।" र १ तिमोथी ३:१-६ "१ कसैले मण्डलीका देखरेख गर्ने काममा इच्छा राख्छ भने त्यसको विचार राम्रो हो। हो, यो साँचो कुरो हो। २ यस्तो देखरेख गर्ने मानिस कुनै दोषबिनाको हुनुपर्छ। उसले एउटै मात्र श्रीमती विवाह गरेको हुनुपर्छ। ऊ आफैंलाई वशमा राख्ने, आफ्नो मनलाई अधीनमा राख्ने र राम्रो चालचलन भएको हुनुपर्छ। उसले अतिथिसत्कार गर्नुपर्छ र शिक्षा दिन

सक्नुपर्छ। ३ मारपिट गर्ने, मात्तिने हुनुहुँदैन। तर ऊ त सहने र शान्त स्वभावको र पैसाको लोभ नगर्ने हुनुपर्दछ। ४ ऊ आफ्नै घर राम्ररी चलाउन सक्ने, आफ्ना छोराछोरीहरूलाई राम्ररी तह लाउन सक्ने हुनुपर्छ ५ किनभने आफ्नो घरलाई नै राम्ररी चलाउन नसक्नेले कसरी मण्डलीको हेर-विचार गर्न सक्ला र? ६ त्यस्तो मानिस भरखर विश्वास गर्ने सिकारु पनि हुनुहुँदैन। नत्र ऊ घमण्डले फुलेर शैतानझैं दण्डमा परेर पतन हुनेछ। ७ हेर-विचार गर्ने मानिसले मण्डली मात्र होइन, मण्डलीबाहिर पनि मान पाएका हुनुपर्छ। त्यसो भए मात्र उसलाई मानिसहरूले निन्दा गर्नेछैनन् र शैतानको जालमा पनि पर्नेछैन।"

परमेश्वरको राज्यको नितिको जग नै प्रेमको निति वा व्यवस्था हो भनेर एलेन जी ह्वाइटले चर्चा गर्नुहुन्छ। करकाप गरेर, तर्साएर, जबरजस्ती कसैलाई पनि परमेश्वरले आफ्नो नितिमा हिँडाउन चाहनुहुन्न भनेर उनले उल्लेख गर्छिन्। त्यसकारण "सबै मानव प्राणी वा स्वर्गका जीवहरूलाई स्वविवेकको स्वतन्त्रता प्रदान गर्नुहुन्छ। तर त्यस परमेश्वरले सारा जीवहरूलाई प्रदान गर्नुभएको स्वविवेकको स्वतन्त्रतालाई दुरूपयोग गर्ने पहिलो जीव लुशिफर वा जो पछि शैतान कहलाइयो हुनपुग्यो। पाप शैतानबाट सुरू भयो। स्वर्गमा रहने येशू ख्रीष्टपछिको दोस्रो व्यक्तिमा शैतान अत्यन्त सम्माननीय थियो।"-पाट्रियार्क एण्ड प्रोफेटस्, पृ. ३४,३५बाट रूपान्तरित। यशैया र इजकिएलले शैतानको पतनको बारेमा वर्णन गरेकै आधारमा एलेन जी ह्वाइटले माथिको धारणा व्यक्त गरेकी हुन्।

स्वविवेकको स्वतन्त्रता कुनै काल्पनिक नभएर पक्का हो भनेर खुलाउने महत्त्वपूर्ण धारणा नै "प्रेमको निति वा व्यवस्था" हो। आफूले पाएको सम्मान् र सौन्दर्यताले शैतान घमण्ड तथा अहँले फुल्यो भनेर बाइबलले बताउँछ। यो कसरी भयो सो हामीलाई थाहा छैन। पावलले २ थेस्सोलोनिकी २:७मा त्यसलाई "पापको रहस्य वा विधिको शासनमा नचल्ने नितिको रहस्य" भनेर उल्लेख गर्दछन्। परमेश्वरको शासनको जग नै उहाँको व्यवस्था वा दश आज्ञाहरू हुन् । त्यसको विरुद्ध अवैधरूमा चल्ने निति लिंदा स्वर्गको अत्यन्त आदरणीय जीव पनि कसरी खस्किन पुग्यो भनेर यशैया र इजकिएल अगमवक्ताहरूका लेखहरूले बुझाउँछन्। अय्यूबको पुस्तकमा शैतान सरिक हुन पुगेको समयमा ऊ पतित भइसकेको थियो भनेर देखाएको विषयलाई हामीले मान्नुपर्दछ। स्वर्गमा परमेश्वरको खिलाफमा शैतानले गरेको बिद्रोह अहिले पनि जारी छ।

तपाईंको जीवनमा अहिले नै कतिपय निर्णायक कदमहरूको सामना गरिरहनुभएको होला। ती के के हुन्? ती कदमहरूलाई ठिकसँग चुन्न बाइबलका कस्ता प्रतिज्ञाहरू छन् जुन तपाईंले आत्मसात् गर्न सक्नुहुन्छ?

## ५ क्रुसमा पाएका जवाफहरू (यूहन्ना १२:३१,३२)

अय्यूबको पुस्तकले धेरै महत्त्वपूर्ण विषयबस्तुहरूलाई औंल्याएका छन्। तर ती बिषयबस्तुहरूको धेरैजसो जवाफहरू त्यस पुस्तकमा दिएका छैनन्। ती विषयबस्तुका जवाफ केही हदसम्म चित्तबुझ्दो रूपमा थाहा पाउन सबै बाइबल पढ्न आवश्यक छ। तै पनि हामीले परमेश्वरको बारेमा जे चित्र देख्छौं र बुझ्न खोज्छौं ती धमिलो ऐनामा हेरेको जस्तै हुन्छ (१ कोरन्थी १३:१२)।

अघिल्लो बुँदामा हामीले हेऱ्यौं कि अय्यूबको पुस्तकमा शैतानको हृदयमा परमेश्वरप्रति विद्रोह कसरी पस्यो र उहाँसँग महान् बिबादको युद्ध कहिले सुरूभयो तिनीहरूको बारेमा उल्लेख गरिएको छैन। फेरि त्यस बिवादको युद्धमा शैतान कसरी हार्छ र उसको अन्त्य कसरी हुन्छ सो पनि त्यस पुस्तकमा उल्लेख गरिएको छैन। अय्यूबको महाकष्टमा शैतानको दुष्ट्याईं गहिरोसँग कसरी संलघ्न भएको थियो सो त्यस पुस्तकमा खुलाएको छ। तर त्यस पुस्तकमा शैतान केवल दुईपल्टमात्र देखापर्छ (अय्यूब १:६-१२, अय्यूब २:१-७)। त्यसपछि त्यस पुस्तकमा शैतानको भूमिका गायब हुन्छ। तर शैतान गायब हुनुभन्दा अघि उसले धेरै विध्वंस मच्चाउँछ। तर अय्यूबको पुस्तकको बाँकि भागमा शैतानको नाम निशानै हुँदैन। बरू अय्यूबको बाँकि भागमा जे हुन्छ त्यसमा प्रायजसो परमेश्वरको बारेमा चर्चा गरिएको हुन्छ। शैतानको बारेमा केही उल्लेख गरेको हुँदैन। र त्यो मनासिबै देखिन्छ किनभने अन्तमा अय्यूबको पुस्तक परमेश्वरको बारेमा लेखिएको हो र उहाँ साँच्चिकै कस्तो हुनुहुन्छ भनेर चित्रण गरिन्छ।

तर परमेश्वर र शैतानको बीचमा भएको विवादको महान् युद्धमा शैतान कसरी हार्छ भनेर बाइबलले जवाफ नदिइकन बन्द हुँदैन। शैतान त्यसबेला हार्छ जब येशू क्रुसमा मर्नुभयो।

देहायका पदहरूले परमेश्वर र शैतानको बीचमा भइरहेको महान् बिबादिय युद्धमा येशूले गर्नुभएको कामले कसरी टुङ्ग्याउँछ भनेर देखाउँछ। यूहन्ना १२:३१,३२ "३१ अब संसारलाई दोषी ठहराउने बेला आइसक्यो। अब यस संसारको राजालाई निकालिनेछ ३२ अनि म पृथ्वीबाट उचालिएपछि सबै मानिसहरूलाई आफूतिर खिच्नेछु।", प्रकाश १२:१०-१२ “१० तब मैले स्वर्गमा यसो भनिएको एउटा ठूलो स्वर सुनें, “अबदेखि हाम्रा परमेश्वरले उद्धार

गर्नुहुन्छ र उहाँले आफ्नो राजकीय शक्ति देखाउनुभएको छ। अब उहाँको ख्रीष्टले अधिकार देखाउनुभएको छ। अब हाम्रा दाजुभाइहरूलाई दिन-रात परमेश्वरको अगाडि दोष लगाउने शैतान स्वर्गबाट फालिएको छ।", रोमी ३:२६ "परमेश्वरले अब यो युगमा आफ्नो न्याय देखाउन मानिसहरूका पाप हटाएर तिनीहरूलाई निर्दोष ठहराउनुहुन्छ। यसरी येशूमा विश्वास गर्ने हरेकलाई उहाँले ठीक ठहराउनुहुन्छ र आफैं धर्मी हुनुहुन्छ।" र हिब्रू २:१४,१५ " १४ ती छोरा-छोरी रगत र मासुको शरीर भएकाले येशू पनि तिनीहरूजस्तै मासु र रगत भएको मानिस हुनुभयो। उहाँ आफैंले मृत्यु भोग्नुभएर मृत्युको शक्ति भएको शैतानलाई नाश पार्नुभयो। १५ अनि मर्नुपर्छ भन्ने डरले जीवनभरि बन्धनमा परेकाहरूलाई छुटकारा दिनुभयो।"

**सारा जगतको सामु शैतानको चरित्रलाई क्रुसमा भन्डाफोर गरिएको थियो। यथार्थमा शैतान हत्यारा हो भनेर सारा जगतका जीवहरूले देख्न पाएका थिए। सारा स्वर्गको स्वामी येशूलाई जुन् रूपमा शैतानको पक्षमा उभिएर मानिसहरूले निष्ठुरतापुर्वक दुर्व्यवहार गरे त्यो देखि सारा जगतका जीवहरू स्तम्भित वा चकित भएको हुनुपर्छ। शैतानको चर्तिकलाले तिनीहरूमा धक्का लागेको हुनुपर्छ। यूहन्ना १२मा येशूले गर्नुभएको शैतानमाथिको न्याय त्यही हुनुपर्छ। क्रुसमा सारा मानव जगतको पापको निम्ति येशू मर्नुभएको थियो (१ यूहन्ना २:२)। अनिमात्र अब मुक्ति आयो भनेर स्वर्गले घोषणा गर्न सकेको थियो। पृथ्वीको सृष्टिको सुरूमै यस संसारमा शैतानको चर्तिकलाको बिगिबिगि हुनेछ भनेर परमेश्वरले थाहा पाएर त्यसको समाधान कसरी गर्ने भनेर सारा जगतको सामु उहाँले गर्नुभएको प्रतिज्ञालाई क्रुसमा चरितार्थ गरेर देखाइएको थियो (२ तिमोथी १:९)। मानिसलाई पापबाट उद्धार गर्ने परमेश्वरको प्रतिज्ञा कुनै मनगढन्ते नभएर साँच्चिकै थियो भनेर क्रुसले देखाउँदछ। हामीहरूको निम्ति येशू मर्नुभएकै कारण जब मानिसहरूले उहाँलाई स्वीकार्दछन् र उहाँमाथि निष्ठा राख्दछन् तब मानव जगतको निम्ति उहाँको नियत ठिक थियो भनेर प्रमाणित हुन्छ (रोमी ३:२५ रूपान्तरित)। शैतानले मच्चाएको बिद्रोह र परमेश्वरको खिलाफमा चालिरहेको आरोप येशूले क्रुसमा भताभुङ्ग पार्नुभएको थियो तथा शैतानको दुष्चरित्रलाई उदाङ्ग पारिएको थियो। परमेश्वरको नितिमा हिंड्न र उहाँको व्यवस्था अर्थात् दश आज्ञाहरूलाई आत्मसात् गर्न असम्भव छ भन्ने झुठको बाली शैतानले मानिसहरूको हृदयमा लगाइरहेको थियो। फेरि त्यसैवखत परमेश्वरकै आज्ञाहरूको बिपरित चल्नेहरूलाई उद्धार गर्ने उहाँको**

नितिप्रति आपत्ती जनाउँदै उहाँको काम उचित छैन भनेर शैतानले भन्दछ। शैतानको नाशको तय वा निर्णय क्रुसले गर्दा पक्का पक्कि भएको थियो।

हामी तथा प्रत्येक मानवप्राणी परमेश्वर र शैतानको बीचमा भइरहेको ठूलो कचकचको बीचमा छौं। तै पनि येशूले क्रुसमा के गर्नुभयो सो थाहा पाउँदा जसरी आगोमा सुनलाई पगाल्ने क्रममा सुन् चम्किन्छ त्यसरी नै हामी पनि कसरी आनन्दित हुन सिक्ने?

## उपसंहार

थप जानकारीः **असल र खराबको बीचमा भइरहेको युद्ध बिभिन्न धर्म तथा संस्कृतिमा पाइन्छ। तर आज धेरैजसो क्रिश्चियन भनाउँदाहरूले नै शैतान र उसका दुष्ट दूतहरूको अस्तित्वलाई अस्वीकार गरेको पाइन्छ। कतिले ती मानिस र प्रकृति खराब छन् भनेर देखाउने केवल शङ्केतमात्र हो भनेर बिवाद गर्छन्। शैतान र उसका मतियारहरू अर्थात् पतित स्वर्गदूतहरू मनगढन्ते नभएर साँच्चिकै हो भनेर एडभेन्टिस्टहरूले दावी गर्छन्। यदि त्यो दावी गलत छ भने बाइबलको कुनै अर्थ नभएको प्रमाणित गर्न सक्छ।**

**असल र खराबको बीचमा भइरहेको युद्ध मनगढन्ते हो भनेर सबै क्रिश्चियनहरूले अस्वीकार गरेको छैन। उदाहणमा ग्रेगोरी ब्वाइड भन्ने बाइबलको चिन्तकले परमेश्वर र शैतानको बीचमा भइरहेको युद्धको बारेमा धेरै लेखहरू लेखेका छन्। "युद्धमा होमीएको परमेश्वर" भन्ने पुस्तकको भूमिकामा दानिएल १०का विभिन्न पदहरूलाई उदृध गर्दै उनले लेख्दछन्ः "परमेश्वर र मानिसको बीचमा आत्मिक जीवहरू छन् जो क्रियाशील छन् भनेर बाइबलको सुरूदेखि अन्तसम्मनै बताउँदछ। तर असल हुन र खराब हुन ती जीवहरूले मानिसहरूलाई के प्रभाव पार्दछन् त? पार्दछ भनेर बाइबलले खुलाएको छ भनेर म जिकिर गर्दछि।"-पृ. ११बाट रूपान्तरित। उनको बिचार एकदम मनासिब भएको हामी स्वीकार्दछौं।**

## चिन्तनमननः

अ. बाइबलमा धेरै यस्ता पदहरू छन् जसले शैतान र उसको दुष्ट दूतहरूको शक्तिको बारेमा चर्चा गरिन्छ। यदि शैतान र उसको मतियारहरू केवल शङ्केत वा मानिसलाई चित्त बुझाउने चिन्हहरूमात्रै हुन् भनेर विश्वास गरियो भने शैतानको अस्तित्वप्रति कस्तो धारणा हामीले गुमाउँछौं होला?

आ. सोऱ्हौं शताब्धीमा इटाली देशमा निकोलाइ मचिएभेली भन्ने एक जना चर्चित लेखेक थिए। आफ्नो स्वामित्वमा रहेका मानिसहरूबाट शासकलाई प्रेमले होइन डरले हेर्नु अत्यन्त उचित हुन्छ भनेर उनले जिकिर गरेका थिए। तर एलेन जी ह्वाइटले लेख्छिन् "शैतान स्वर्गमा रहन सक्षम् छैन भनेर परमेश्वरले निर्णय गर्नुभएको थियो। तर उहाँले शैतानलाई तत्कालै निर्मूल पार्नु भएन। भित्रि हृदयदेखि प्रेम गरेर सेवा गर्नुमात्रै परमेश्वरको निम्ति स्वीकारिय भएको हुनाले उहाँको न्याय र दयामाथि भरपर्नु आवश्यक छ भनेर विश्वास गर्न उहाँका जनहरूबाट उहाँले अपेक्षा गर्नुहुन्छ। पापको भयानक नतिजालाई बुझ्न स्वर्ग र अरू ग्रहका जीवहरूले बुझ्न तयार थिएनन्। यदि जब शैतानले स्वर्गमा परमेश्वरको खिलाफमा बिद्रोह गर्दा उसलाई तत्कालै निर्मूल पारेको भए परमेश्वरको न्याय र दयालाई ती जीवहरूले बुझ्न सक्नेथिएनन्। यदि परमेश्वरले शैतानलाई तुरन्तै सखाप पार्नुभएको भए जगतका अरू संसारका जीवहरूले उहाँलाई प्रेम र आदरले होइन त्रासले सेवा गर्दथे।"-ग्रेट कन्त्रोभर्सी, पृ. ४९८,४९९बाट रूपान्तरित। डरले होइन प्रेमले परमेश्वरको सेवा हामीले गरुन् भन्ने उहाँको चाहना किन हो त?